(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

# सैनिक विविध सेवा नियमावली, २०७४

राजपत्रमा प्रकाशित मिति
२०७४।११।१४

**संशोधन**

सैनिक विविध सेवा (पहिलो संशोधन)
नियमावली, २०७६ २०७६।१०।२०

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सैनिक विविध सेवा नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले सैनिक ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "ग्यारिजन समूह" भन्नाले नेपाल सरकारले तोकेको विशिष्ट व्यक्ति, राष्ट्रिय महत्वका चिज वा वस्तु रहेको स्थान, महत्वपूर्ण संरचना वा त्यस्तै राष्ट्रिय महत्वका अन्य कुराको सुरक्षा गर्ने लगायतका काम गर्न नियुक्त भएका सैनिक व्यक्तिहरुसँग सम्बन्धित समूह सम्झनु पर्छ ।

(ग) "पदपूर्ति समिति" भन्नाले नियम ७ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) “बढुवा समिति” भन्नाले नियम १७ बमोजिमको बढुवा समिति सम्झनु पर्छ ।

(ङ) “मन्त्रालय” भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनु पर्छ ।

(च) “सैनिक कर्मचारी समूह” भन्नाले नेपाली सेना अन्तर्गतका कार्यालयहरुमा प्रशासनिक कार्यमा सहयोग गर्ने सैनिक व्यक्तिहरुसँग सम्बन्धित समूह सम्झनु पर्छ ।

(छ) “सैनिक नियमावली” भन्नाले सैनिक सेवा नियमावली, २०६९ सम्झनु पर्छ ।

## परिच्छेद—२

## सैनिक विविध सेवाको पदपूर्ति तथा नियुक्ति

३. **सैनिक विविध सेवाः** (१) सैनिक नियमावली बमोजिमको एक सैनिक विविध सेवा रहनेछ ।

(२) उपनियम (१) बमोजिमको सैनिक विविध सेवामा देहाय बमोजिमका समूह रहनेछन् :-

(क) पुजारी समूह,

(ख) सैनिक कर्मचारी समूह,

(ग) लेखा समूह,

(घ) बन्दोबस्ती कार्य समूह,

(ङ) ग्यारिजन समूह ।

४. सैनिक विविध सेवाका समूहमा रहने पदः सैनिक विविध सेवाका देहायका समूहमा देहाय बमोजिमका पद रहनेछन्:-

| (क) पुजारी | (ख) सैनिक कर्मचारी | (ग) लेखा समूह | (घ) बन्दोबस्ती | (ङ) ग्यारिजन | (क) पुजारी समूह |
|---|---|---|---|---|---|



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| समूह | समूह | | कार्य समूह | समूह | |
|---|---|---|---|---|---|
| १. | — | — | — | — | फलोअर्स |
| २. | — | — | — | सिपाही | सिपाही |
| ३. | — | — | — | प्यूठ | प्यूठ |
| ४. | — | अमल्दार | — | अमल्दार | अमल्दार |
| ५. | हुद्दा | हुद्दा | — | हुद्दा | हुद्दा |
| ६. | जमदार | जमदार | जमदार | जमदार | जमदार |
| ७. | सुवेदार | सुवेदार | सुवेदार | सुवेदार | सुवेदार |
| ८. | — | — | — | प्रमुख सुवेदार | प्रमुख सुवेदार |
| ९. | उपसेनानी | उपसेनानी | उपसेनानी | उपसेनानी | उपसेनानी |
| १०. | सहसेनानी | सहसेनानी | सहसेनानी | सहसेनानी | सहसेनानी |
| ११. | सेनानी | सेनानी | सेनानी | सेनानी | सेनानी |
| १२. | — | — | प्रमुख सेनानी | प्रमुख सेनानी | प्रमुख सेनानी |
| १३. | — | — | महासेनानी | — | महासेनानी |
| १४. | — | — | सहायक रथी | — | — |
| १५. | — | — | उपरथी | — | — |

५. **<u>सैनिक विविध सेवाको पदपूर्तिः</u>** (१) सैनिक विविध सेवाको देहायका पद देहाय बमोजिम पूर्ति गरिनेछः-

(क) पुजारी समूहः

| | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|
| १. | हुद्दा | ७०% | — | ३०% |
| २. | जमदार | — | १००% | — |
| ३. | सुवेदार | — | १०० % | — |
| ४. | उपसेनानी | — | ५०% | ५०% |
| ५. | सहसेनानी | — | १००% | — |
| ६. | सेनानी | — | १००% | — |

(ख) सैनिक कर्मचारी समूहः

| | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|
| १. | अमल्दार | ७०% | — | ३०% |
| २. | हुद्दा | — | १००% | — |
| ३. | जमदार | — | १००% | — |
| ४. | सुवेदार | — | १००% | — |
| ५. | उपसेनानी | — | ५०% | ५०% |
| ६. | सहसेनानी | — | १००% | — |
| ७. | सेनानी | — | १००% | — |

(ग) लेखा समूहः

| | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|
| १. | जमदार | ७०% | — | ३०% |
| २. | सुवेदार | — | १००% | — |
| ३. | उपसेनानी | ७०% | — | ३०% |
| ४. | सहसेनानी | — | १००% | — |
| ५. | सेनानी | — | १००% | — |
| ६. | प्रमुख सेनानी | — | १००% | — |
| ७. | महासेनानी | — | १००% | — |
| ८. | सहायक रथी | — | १००% | — |
| ९. | उपरथी | — | १००% | — |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) बन्दोबस्ती कार्य समूहः

| | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | आन्तरिक प्रतियोगिताद्वारा |
|---|---|---|---|---|
| १. | सिपाही | १००% | — | — |
| २. | प्युठ | — | १००% | — |
| ३. | अमल्दार | — | १००% | — |
| ४. | हुद्दा | | १००% | — |
| ५. | जमदार | — | १००% | — |
| ६. | सुवेदार | — | १००% | — |
| ७. | प्रमुख सुवेदार | — | १००% | — |
| ८. | उपसेनानी | — | १००% | — |
| ९. | सहसेनानी | — | १००% | — |
| १०. | सेनानी | — | १००% | — |
| ११. | प्रमुख सेनानी | — | १००% | — |

(२) उपनियम (१) को खण्ड (क) बमोजिमको हुद्दा, खण्ड (ख) बमोजिमको अमल्दार र खण्ड (ग) बमोजिमको जमदार पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका र पदपूर्ति गरिने पदभन्दा तल्लो नेपाली सेनाको जुनसुकै पदमा कार्यरत सैनिक उम्मेदवार हुन सक्नेछन् ।

(३) उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको उपसेनानी पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्बन्धित समूहको पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेका सुवेदार उम्मेदवार हुन सक्नेछन् ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) महिला -बीस प्रतिशत

(ख) आदिवासी/जनजाती - बत्तीस प्रतिशत

(ग) मधेशी - अट्ठाईस प्रतिशत

(घ) दलित - पन्ध्र प्रतिशत

(ङ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

स्पष्टीकरणः

(१) यस उपनियमको प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेशी, दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी÷जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

(२) खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले मनाङ, मुस्ताङ, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(३) खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक खण्डको समूहको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) यस उपनियम बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती, मधेशी र दलित समूहको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

तर त्यसरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण महिला, आदिवासी/जनजाती, मधेशी र दलितलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको मानिनेछ ।

(५) यस उपनियम बमोजिम छुट्याइएका पदको लागि दरखास्त दिंदा देहायका कागजात संलग्न गरेको हुनु पर्नेछ:-

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितको लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) मधेशीको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(घ) पिछडिएको क्षेत्रका लागि स्पष्टीकरणको खण्ड (२) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।

(५) उपनियम (४) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घतांक (फ्रयाक्सन) आएमा त्यस्तो घतांक

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

जुन समूहको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(६) उपनियम (४) बमोजिम समावेशी तर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यस्तो पद सो वर्षको सोही विज्ञापनमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गर्नु पर्नेछ ।

६. **योग्यताः** सैनिक विविध सेवामा रहने पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुन आवश्यक पर्ने योग्यता अनुसूची—१ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **पदपूर्ति समितिः** सैनिक विविध सेवाको देहायको पदमा उम्मेदवार छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) उपसेनानी पदको लागि-

(१) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य -अध्यक्ष

(२) मन्त्रालयको सचिव -सदस्य

(३) कार्यरथी -सदस्य

(४) प्रधान सेनापतिले तोकेको सम्बन्धित समूहको अधिकृत -सदस्य

(५) निर्देशक, भर्ना छनौट निर्देशनालय -सदस्य-सचिव

(ख) अमल्दार, हुद्दा र जमदार पदको लागि—

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) निर्देशक, भर्ना छनौट निर्देशनालय -अध्यक्ष

(२) प्रतिनिधि (अधिकृत) लोक सेवा आयोग -सदस्य

(३) प्रतिनिधि (अधिकृत), मन्त्रालय -सदस्य

(४) सम्बन्धित समूहको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(५) अधिकृत, भर्ना छनौट निर्देशनालय -सदस्य-सचिव

(ग) सिपाही पदको लागि–

(१) सम्बन्धित समूहको सेनानी -अध्यक्ष

(२) प्रतिनिधि (अधिकृत) लोक सेवा आयोग -सदस्य

(३) प्रतिनिधि (अधिकृत), मन्त्रालय -सदस्य

(४) सम्बन्धित समूहको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(५) अधिकृत, भर्ना छनौट केन्द्र -सदस्य-सचिव

८. <u>परीक्षाको किसिमः</u> (१) सैनिक विविध सेवाको रिक्त रहेका पदमा पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न देहाय बमोजिमको परीक्षा लिनु पर्नेछः-

(क) वियरिङ्ग परीक्षा,

(ख) बडी मास ईन्डेक्स (बि.एम.आई) र प्रारम्भिक स्वास्थ्य परीक्षण,

(ग) शारीरिक परीक्षा,

(घ) लिखित परीक्षा,

(ङ) प्रयोगात्मक परीक्षा,

कानून तथा संसदीय मामिला मन्त्रालय

(च) विस्तृत स्वास्थ्य परीक्षण,

(छ) अन्तरवार्ता ।

(२) सैनिक विविध सेवाको उपसेनानी पदका उम्मेदवारका लागि उपनियम (१) का अतिरिक्त गुणमापक परीक्षा (आइ.ओ, टि.ओ., जि.टि.ओ र बोर्ड कन्फ्रेन्स) समेत लिनु पर्नेछ ।

(३) सैनिक विविध सेवाको रिक्त पदमा स्थायी पूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

९. **<u>शैक्षिक योग्यता र अनुभवः</u>** सैनिक विविध सेवाका पदमा खुल्ला तथा आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन आवश्यक पर्ने शैक्षिक योग्यता र अनुभव देहाय बमोजिम हुनेछः-

(क) पूजारी समूहको लागि,–

| पद | न्यूनतम शैक्षिक योग्यता (खुल्ला वा आन्तरिक प्रतियोगिता) |
|---|---|
| हुद्दा | पूर्वमध्यमा वा कर्मकाण्ड सहित तीन सय पूर्णाङ्कको संस्कृत विषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । |
| उपसेनानी | संस्कृत विषय लिई शास्त्री वा सो सरह उत्तीर्ण गरेको । |

(ख) सैनिक कर्मचारी समूहको लागि,–

| पद | न्यूनतम शैक्षिक योग्यता (खुल्ला वा आन्तरिक प्रतियोगिता) |
|---|---|
| अमल्दार | एस.एल.सी वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | |
|---|---|
| | महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरेको। |
| उपसेनानी | दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरेको । |

(ग) लेखा समूहको लागि,–

| पद | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|
| | खुल्ला प्रतियोगिता | आन्तरिक प्रतियोगिता |
| जमदार | लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको। | लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालीम उत्तीर्ण गरेको। |
| उपसेनानी | वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको । | वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालीम उत्तीर्ण गरेको । |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) बन्दोबस्ती कार्य समूहः बन्दोबस्ती कार्य समूहको सिपाही पदको खुल्ला प्रतियोगिताको लागि सामान्य लेखपढ गर्न जानेको हुनु पर्नेछ ।

१०. **<u>नियुक्ति गर्ने अधिकारीः</u>** पदपूर्ति समितिको सिफारिसमा सैनिक विविध सेवाको उपसेनानी पदमा मन्त्रालय र अन्य पदमा कार्यरथीले नियुक्ति गर्नेछ ।

११. **<u>उमेरको हदः</u>** सैनिक विविध सेवाका अधिकृतको उमेरको हद ऐनको अनुसूची-३ को प्राविधिक तर्फको समान तहको अधिकृत सरह र देहायको पदमा कार्यरत सैनिकको उमेरको हद देहाय बमोजिम हुनेछः-

| पद | उमेर हद | | | |
|---|---|---|---|---|
| | पुजारी समूह | सैनिक कर्मचारी समूह | लेखा समूह | बन्दोबस्ती कार्य समूह |
| फलोअर्स | | | | |
| सिपाही | | | | पचपन्न वर्ष |
| प्युठ | | | | पचपन्न वर्ष |
| अमल्दार | | उनन्पचास वर्ष | | पचपन्न वर्ष |
| हुद्दा | पचास वर्ष | पचास वर्ष | | पचपन्न वर्ष |

| | | | | |
|---|---|---|---|---|
| जमदार | एकाउन्न वर्ष | एकाउन्न वर्ष | एकाउन्न वर्ष | पचपन्न वर्ष |
| सुवेदार | बाउन्न वर्ष | बाउन्न वर्ष | बाउन्न वर्ष | पचपन्न वर्ष |
| प्रमुख सुवेदार | | | | पचपन्न वर्ष |

१२. **पदावधिः** (१) सैनिक विविध सेवाका प्रमुख सेनानी देखि उपरथी सम्मका अधिकृतको पदावधि ऐनको अनुसूची–४ मा उल्लेख भएको प्राविधिक तर्फको अधिकृत सरह हुनेछ ।

(२) प्रमुख सुबेदारको पदावधि तीन वर्षको हुनेछ । निजको पदावधि र उमेरको हदमध्ये जुन अगाडि हुन्छ सोही आधारमा अवकाश दिइनेछ ।

परिच्छेद-३

**बढुवा**

१३. **बढुवा हुन चाहिने न्यूनतम योग्यताः** (१) सैनिक विविध सेवाका जुनसुकै पदमा बढुवा हुनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) अनुसूची -२ बमोजिमको तालीम पूरा गरेको,

(ख) कार्यसम्पादन मूल्याङ्कनमा योग्य देखिएको,

(ग) नियम ९ बमोजिमको शैक्षिक योग्यता भएको,

📖 यो नियमावली प्रारम्भ हुनु अघि लेखा समूहमा समूहीकृत भएका तथा खुला प्रतियोगिताबाट नियुक्त भएका अधिकृतहरुलाई

---

📖 पहिलो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रमुख सेनानी पदसम्म भर्ना हुँदाको शैक्षिक योग्यताका आधारमा बढुवा गर्न बाधा पर्ने छैन । त्यसै गरी यो नियमावली प्रारम्भ हुनु अघि आन्तरिक प्रतियोगिताबाट नियुक्त भएका अधिकृतहरुलाई प्रवीणता प्रमाण-पत्र तह, दस जोड दुई वा सो सरहको शैक्षिक योग्यता तथा कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको भएमा प्रमुख सेनानी पदसम्म बढुवा गर्न बाधा पर्ने छैन ।

(घ) नियम १५ बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको,

(ङ) शारीरिक तन्दुरुस्ती परीक्षा (बेसिक फीटनेस टेस्ट) उत्तीर्ण गरेको,

तर कुनै सैनिक कर्तब्य पालनाको सिलसिलामा घाइते भई यस खण्ड बमोजिमको परीक्षामा सहभागी हुन नसक्ने भए पनि सैनिक नियमावलीको नियम ३७ बमोजिम स्वास्थ्य वर्गीकरणमा योग्य ठहरिएमा निज सो प्रयोजनका लागि यस नियमावली बमोजिम बढुवाको लागि योग्य हुनेछ ।

(च) बडी मास ईन्डेक्स (बी.एम.आई) र स्वास्थ्य वर्गीकरण (मेडिकल क्याटगोरी) मा योग्य ठहरिएको ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएको मितिले दुई वर्षसम्म मिड क्यारियर म्यानेजमेन्ट तथा हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम नलिएको सैनिक बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

१४. **बढुवा गर्ने अधिकारीः** बढुवा समितिको सिफारिसमा देहायको पदमा बढुवा गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) महासेनानी देखि उपरथीसम्म -नेपाल सरकार

(ख) उपसेनानी देखि प्रमुख सेनानीसम्म - प्रधान सेनापति

(ग) जमदार देखि प्रमुख सुवेदारसम्म -कार्यरथी

(घ) सिपाही देखि हुद्दासम्म - सम्बन्धित कार्यालय प्रमुख

१५. **बढुवाको** लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधिः (१) सैनिक विविध सेवाका देहायको पदमा बढुवा हुनको लागि देहाय बमोजिमको सेवा अवधि पुगेको र एकतह मुनिको पदमा कार्यरत रहेको हुनु पर्नेछः-

| बढुवा हुने पद | अधिकृत सेवा अवधि |
|---|---|
| (क) उपरथी | एक्काइस वर्ष |
| (ख) सहायक रथी | बीस वर्ष |
| (ग) महासेनानी | सत्र वर्ष |
| (घ) प्रमुख सेनानी | तेह्र वर्ष |
| (ङ) सेनानी | सात वर्ष |
| (च) सहसेनानी | दुई वर्ष |

(२) सैनिक विविध सेवाका देहायको पदमा बढुवाको लागि उम्मेदवार हुन सिपाही पदमा देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| पद | सेवा अवधि | | | |
|---|---|---|---|---|
| | पुजारी समूह | सैनिक कर्मचारी समूह | लेखा समूह | बन्दोबस्ती कार्य समूह |
| प्युठ | | | | दुई वर्ष |
| अमल्दार | | | | चार वर्ष |
| हुद्दा | | तीन वर्ष | | सात वर्ष |
| जमदार | दुई वर्ष | तीन वर्ष | | नौ वर्ष |
| सुबेदार | सात वर्ष | पाँच वर्ष | दुई वर्ष | एघार वर्ष |

१६. **<u>बढुवाको लागि आवश्यक शैक्षिक योग्यता:</u>** (१) सैनिक विविध सेवाको पदमा बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता *<u>नियम १३ को उपनियम (१) को खण्ड (ग)</u> मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) लेखा समूहको महासेनानी र सोभन्दा माथिका पदमा बढुवा हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा वाणिज्यशास्त्र, व्यवस्थापन, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत लेखा समूहका प्रमुख सेनानी वा सोभन्दा माथिको पदमा कार्यरत अधिकृतको हकमा स्नातकोत्तर तह उत्तीर्ण नगरेको भए तापनि यो नियमावली प्रारम्भ भएको मितिले चार वर्षसम्म माथिल्लो पदमा बढुवा हुन वाधा पर्ने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---
* पहिलो संशोधनद्वारा संशोधन ।

(४) बन्दोबस्ती कार्य समूहको उपसेनानी पदमा बढुवा हुनको लागि कम्तीमा एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ ।

📖तर यो नियमावली प्रारम्भ भएको मितिले पाँच वर्षसम्म एस.एल.सी वा सो सरह उत्तिर्ण नगरेको भए तापनि एक तह माथिको पदमा बढुवा हुन बाधा पर्ने छैन ।

१७. **बढुवा समितिः** (१) सैनिक विविध सेवाको पदमा गरिने बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) उपरथी पदको लागि–

(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष

(२) प्रधान सेनापतिले तोकेको विभागीय प्रमुख -सदस्य

(३) प्रधान सेनापतिले तोकेको उपरथी -सदस्य

(४) कमाण्डमा रहेका उपरथी -सदस्य

(५) कार्यरथी -सदस्य-सचिव

(ख) सहायक रथी र महासेनानी पदको लागि–

(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष

(२) कार्यरथी -सदस्य

(३) प्रधान सेनापतिले तोकेको उपरथी -सदस्य

(४) कमाण्डमा रहेको उपरथी -सदस्य

(५) सैनिक सचिव -सदस्य-सचिव

---

📖 पहिलो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) उपसेनानी देखि प्रमुख सेनानी पदसम्मको लागि—

(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष

(२) कार्यरथी -सदस्य

(३) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको सहायक रथी -सदस्य

(४) सम्बन्धित सेवा समूहको प्रमुख -सदस्य

(५) सैनिक सचिव -सदस्य-सचिव

(घ) सिपाहीदेखि प्रमुख सुबेदार पदसम्मको लागि-

(१) सम्बन्धित सेवा समूहको प्रमुखले तोकेको वरिष्ठ अधिकृत -अध्यक्ष

(२) सम्बन्धित सेवा समूहको प्रमुखले तोकेको अधिकृत वा पदिक -सदस्य

(३) सम्बन्धित सेवा समूहको कार्य अधिकृत/पदिक वा सो सरह -सदस्य-सचिव

(२) अधिकृतको हकमा सैनिक सचिव विभाग र पदिकको हकमा सम्बन्धित कार्यालयबाट बढुवा हुन नियम १३ बमोजिमको योग्यता पूरा गरेको व्यहोरा लेखी आएपछि बढुवा समितिले यस नियमावलीको अधीनमा रही बढुवा सम्बन्धी कारबाही गर्नेछ ।

(३) बढुवा समितिका अध्यक्ष, सदस्य तथा सदस्य—सचिवले बढुवा समितिको सदस्यको रुपमा काम गर्नु अघि अनुसूची—३ बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१८. **<u>बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउनेः</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर कुनै सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(घ) वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराममा (नेकिबदीको कलमी चित्र लेखिने महलमा) बढुवाको लागि अयोग्य भनी लेखिएको र त्यस्तो रायलाई अख्तियारी प्राप्त सैनिक अधिकारीबाट समर्थन गरिएको अवस्थामा सो आर्थिक वर्षसम्म,

(ङ) निजी प्रयासमा अध्ययन वा तालिमको लागि विदामा बसेकोमा सो अवधिभर,

(च) कुनै कसूरको सम्बन्धमा कोर्ट अफ ईन्क्वायरीमा विचाराधिन रहेकोमा सो अवधिभर,

(छ) कुनै कसूरको छानविनको क्रममा रहेको अवस्थामा सो छानविन समाप्त नभएसम्म,

(ज) कुनै कसूरको सम्बन्धमा अदालतमा मुद्दा दायर भएकोमा अदालतबाट सफाई नपाएसम्म,

(झ) कुनै कसूरमा अदालतबाट सजाय भएकोमा सो सजाय भुक्तान नगरेसम्म ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) देहायको अवस्थामा कुनै सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

*(क) आर्थिक अनियमितता, भ्रष्टाचार वा बहुविवाहको कसूरमा सजाय भएमा,

(ख) मानव अधिकार वा मानवीय कानूनको उल्लंघन हुने कार्य गरेको भनी अदालतबाट ठहर भएमा,

(ग) स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई भन्दा बढी भएमा ।

(३) उपनियम (२) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिकलाई तालिम वा आफ्नो पदीय कर्तब्य पालना गर्दाको अवस्थामा कुनै शारीरिक चोटपटक लागेमा र निजको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक निज शारीरिक तथा मानसिक रूपमा स्वस्थ रही आफ्नो पद अनुरुपको कार्य तथा सम्बन्धित तालिम गर्न सक्षम देखी मेडिकल बोर्डले निजलाई स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी एक प्रदान गरेमा त्यस्तो सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

१९. **<u>स्थानीय, मानार्थ तथा विशेष बढुवा</u>ः** स्थानीय, मानार्थ तथा विशेष बढुवा सम्बन्धी व्यवस्था सैनिक नियमावली बमोजिम हुनेछ ।

२०. **<u>कार्यवाहक बढुवा</u>ः** (१) बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका र अधिकृत पदमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका सेनानीदेखि सहायक रथीसम्मका अधिकृतलाई एक तह माथिको पद रिक्त रहेको अवस्थामा बढुवा समितिको सिफारिसमा

---

* पहिलो संशोधनद्वारा संशोधन ।

आवश्यकता अनुसार नियम १४ बमोजिमको अधिकारीले कार्यवाहक बढुवा गर्न सक्नेछः-

| | बढुवा हुने पद | अधिकृत सेवा अवधि |
|---|---|---|
| (क) | उपरथी | बीस वर्ष |
| (ख) | सहायक रथी | अठार वर्ष |
| (ग) | महासेनानी | पन्ध्र वर्ष |
| (घ) | प्रमुख सेनानी | एघार वर्ष |
| (ङ) | सेनानी | सात वर्ष |

(२) उपनियम (१) बमोजिम बढुवा गर्दा ज्येष्ठतालाई प्राथमिकता दिइनेछ ।

(३) उपनियम (१) बमोजिम कार्यवाहक बढुवा भएका अधिकृतले कार्यवाहक पाएको पदको तलब र दर्ज्यानी चिन्ह लगाउन पाउनेछ । तर सो कार्यबाहक अवधि पदावधिमा गणना हुने छैन ।

(४) कार्यवाहक बढुवा हुने अधिकृतले कार्यवाहक अवधिभरको तलब वृद्धी (ग्रेड) पाउने छैन ।

## परिच्छेद–४

## विविध

२१. **ग्यारिजन समूह सम्बन्धीः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ग्यारिजन समूहको पदमा नेपाली सेनाको जुनसुकै सेवाको पदबाट निवृत्तभरण वा उपदान पाउने गरी अवकाश प्राप्त गरेका भूतपूर्व सैनिकलाई अवकास प्राप्त गरेको समानस्तरको पदमा नियुक्त गरी पदपूर्ति गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट कसूरदार ठहरी नेपाली सेनाको सेवाबाट

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

हटाइएको वा बर्खास्त गरिएको व्यक्तिलाई ग्यारिजन समूहमा नियुक्ति गरिने छैन ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम ग्यारिजन समूहको रिक्त पदमा नियुक्तिको लागि योग्य उम्मेदवार छनौट गरी सिफारिस गर्न जङ्गी अड्डाले छनौट समिति गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको छनौट समितिले सिफारिस गरेको उम्मेदवारलाई अधिकृतको हकमा मन्त्रालय र अन्य पदको हकमा कार्यरथीले नियुक्ति गर्नेछ ।

(५) ग्यारिजन समूहमा नियुक्ति हुन देहायको पदमा देहायको उमेर ननाघेको हुनु पर्नेछः-

| | | |
|---|---|---|
| (क) | महासेनानी | — पचपन्न वर्ष |
| (ख) | प्रमुख सेनानी | — चौवन्न वर्ष |
| (ग) | सेनानी | — त्रिपन्न वर्ष |
| (घ) | सहसेनानी | — बाउन्न वर्ष |
| (ङ) | उपसेनानी | — एकाउन्न वर्ष |
| (च) | सहायक सेनानी | — पचास वर्ष |
| (छ) | सुबेदार | — पचास वर्ष |
| (ज) | जमदार | — उनन्पचास वर्ष |
| (झ) | हुद्दा | — अड्चालीस वर्ष |
| (ञ) | अमल्दार | — सत्चालीस वर्ष |
| (ट) | प्युठ | — छयालीस वर्ष |
| (ठ) | सिपाही | — पैतालीस वर्ष |
| (ड) | फलोअर्स | — त्रिपन्न वर्ष |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) जङ्गी अड्डाले आवश्यकता अनुसार अन्य सेवाका सैनिकलाई निश्चित समयका लागि ग्यारिजन समूहमा काजमा खटाउन सक्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ग्यारिजन समूहको बढुवा, बढुवाको लागि उम्मेदवार हुन आवश्यक पर्ने न्यूनत्तम सेवा अवधि र तालीम नेपाली सेनाको साधारण सेवाको समान तहको सैनिक सरह र अधिकृतको उमेरको हद तथा पदावधि ऐनको अनुसूची–३ को प्राविधिक तर्फको समान तहको अधिकृत सरह हुनेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्युठ, अमल्दार, हुद्दा, जमदार र सुवेदार पदमा बढुवाको लागि उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि सिपाही पदमा क्रमशः दुई, चार, सात, नौ र एघार वर्ष पुगेको र उमेरको हद अधिकृत बाहेक फलोअर्स र प्रमुख सुवेदारको पचपन्न वर्ष र अन्यको हकमा चौवन्न वर्ष हुनेछ ।

(९) ग्यारिजन समूहको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था नेपाली सेनाले तोके बमोजिम हुनेछ ।

(१०) ग्यारिजन समूहमा नियुक्त भएको व्यक्तिले नियुक्ति हुनु पूर्व नेपाली सेनामा रही सेवा गरेको अवधि समेत निवृत्तभरण प्रयोजनको लागि निजको सेवा अवधिमा गणना गरिनेछ ।

(११) ग्यारिजन समूहमा नियुक्त भई निवृत्तभरण पाउने सैनिक व्यक्तिले पहिले सेवाबाट अवकाश हुँदा औषधि उपचार बापतको रकम नलिएको भए औषधि उपचार बापतको पूरा रकम

पाउनेछ । औषधि उपचार बापतको रकम लिएको भए पहिला लिएको रकम कट्टा गरी बाँकी हुन आउने रकम मात्र पाउनेछ।

(१२) नेपाली सेनाको कुनै पदमा उपदान लिएको व्यक्ति ग्यारिजन समूहमा नियुक्त भएमा निजले पहिला लिएको उपदान बापतको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको सेवा अवधि यस नियम बमोजिमको हालको पदमा गणना गरिनेछ ।

(१३) ग्यारिजन समूहमा नियुक्त भएको सैनिकले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोड्दा निवृत्तभरण पाउने अवधि पुग्ने रहेछ भने निवृत्तभरण पाउनेछ ।

(१४) निवृत्तभरण पाउने गरी सेवा निवृत्त सैनिक व्यक्ति ग्यारिजन समूहको कुनै पदमा नियुक्त भएमा सो पदमा रहेसम्म निवृत्तभरण पाउने छैन ।

२२. **सरुवा नगरिनेः** सैनिक विविध सेवाको कुनै समूहको सैनिकलाई अर्को सेवा वा समूहको कुनै पदमा सरुवा गरिने छैन।

२३. **समूहिकृत हुनेः** (१) यो नियमावली प्रारम्भ हुँदाका बखत जङ्गी असवाव खाना, पालघर शाखा तथा नेपाली सेनाका अन्य निकायमा कार्यरत बन्दोबस्ती कार्य गर्ने सिपाही र हुद्दा बन्दोबस्ती कार्य समूहको समान पदमा स्वतः समूहिकृत हुनेछन्।

(२) यो नियमावली प्रारम्भ हुनु अघि सैनिक साधारण सेवाबाट सरुवा वा बढुवा भई विकास निर्माण समूह अन्तरगतको काम गर्न नेपाली सेनाको विकास निर्माण महाशाखा र सो अन्तरगत कार्यरत सैनिक व्यक्ति यो नियमावली लागू भएपछि स्वतः सैनिक साधारण सेवाको समान पदमा समूहिकृत हुनेछन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२४. **<u>सैनिक नियमावली बमोजिम हुनेः</u>** यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र अन्य कुराको हकमा सैनिक नियमावली बमोजिम हुनेछ ।

२५. **<u>खारेजी तथा बचाउः</u>** (१) देहायका नियमहरु खारेज गरिएका छन् :-

(क) ग्यारिजन गण खडा गर्ने नियमहरु, २०३१,

(ख) नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ ।

(२) उपनियम (१) मा उल्लिखित नियमहरु बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची—१

(नियम ६ सँग सम्बन्धित)

<u>सैनिक विविध सेवाको विभिन्न पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुनको लागि आवश्यक पर्ने योग्यता</u>

१. सैनिक विविध सेवाको विभिन्न पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुनको लागि आवश्यक पर्ने योग्यता देहाय बमोजिम रहेको छः-

(क) नेपाली नागरिक,

(ख) उपसेनानी पदको लागि आवेदन दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई पुरुषको हकमा उनन्तीस वर्ष र महिलाको हकमा तीस वर्ष ननाघेको र अन्य पदको लागि अठार वर्ष पूरा भई पच्चीस वर्ष ननाघेको,

तर,

(१) नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिले पैतीस वर्ष उमेर पूरा नभएसम्म बढीमा तीन पटक आवेदन दिन सक्नेछ ।

(२) बन्दोबस्ती कार्य समूहको सिपाही पदको लागि आवेदन दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई छब्बीस वर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) पुरुषको हकमा उचाई कम्तीमा ५ फिट ३ इन्च, छाती नफुलाउँदा ३२ इन्च र फुलाउँदा ३४ इन्च, वजन ५० के.जी. (११० पौण्ड) भएको र महिलाको हकमा उचाई कम्तीमा ५ फिट र वजन ४० के.जी. (८८ पौण्ड) भएको,

(घ) बडी मास ईन्डेक्स (बी.एम.आई) योग्य र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओए-जी दुई वा सो भन्दा कम हुनु पर्ने,

(ङ) आँखा + दुई भन्दा बढी कमजोर नभएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(छ) तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको,

(ज) कुनै आपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको,

(झ) कुनै विध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको,

(ञ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको,

(ट) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,

(ठ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

२. सैनिक विविध सेवाको आन्तरिक प्रतियोगिताद्वारा बढुवा हुने पदको लागि देहाय बमोजिमको थप योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) बडी मास ईन्डेक्स (बी.एम.आई) योग्य र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओए—जी दुई वा सो भन्दा कम हुनु पर्ने,

(ख) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) उत्तीर्ण गरेको,

(ग) युनिटपतिको सिफारिस भएको



कानून तथा संसदीय मामिला मन्त्रालय

अनुसूची—२

(नियम १३ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

<u>बढुवाको लागि आवश्यक तालिम</u>

सैनिक विविध सेवामा बढुवा हुन देहाय बमोजिमको तालिम पूरा गरेको हुनु पर्नेछः

(१) पुजारी समूहः

| क्र.सं. | बढुवा हुने पद | आवश्यक पर्ने तालिम |
|---|---|---|
| १. | जमदार | (क) सैन्य वा प्राविधिक आधार तालिम<br>(ख) कर्मकाण्ड ग्रेड—२ |
| २. | सुबेदार | कर्मकाण्ड ग्रेड—१ |
| ३. | उपसेनानी | — |
| ४. | सहसेनानी | प्राविधिक अधिकृत आधार तालिम |
| ५. | सेनानी | — |

(२) सैनिक कर्मचारी समूहः

| क्र.सं. | बढुवा हुने पद | आवश्यक पर्ने तालिम |
|---|---|---|
| १. | हुद्दा | (क) सैन्य वा प्राविधिक आधार तालिम<br>(ख) कर्मचारी तेस्रो ग्रेड तालिम |
| २. | जमदार | (क) कर्मचारी दोस्रो ग्रेड तालिम<br>(ख) लेखा तथा जिन्सी श्रेस्ता तालिम |
| ३. | सुबेदार | कर्मचारी प्रथम ग्रेड तालिम |
| ४. | उपसेनानी | — |
| ५. | सह सेनानी | प्राविधिक अधिकृत आधार तालिम |
| ६. | सेनानी | — |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) लेखा समूहः

| क.सं. | बढुवा हुने पद | आवश्यक पर्ने तालिम |
|---|---|---|
| १. | सुबेदार | (क) सैन्य वा प्राविधिक आधार तालिम<br>(ख) लेखा तथा जिन्सी तालिम<br>(ग) सैनिक कर्मचारी फष्ट ग्रेड |
| २. | सहसेनानी | (क) प्राविधिक अधिकृत आधार तालिम<br>(ख) अधिकृत लेखा तथा जिन्सी तालिम |
| ३. | सेनानी | गुल्मपति तथा स्टाफ तालिम |
| ४. | प्रमुख सेनानी | — |
| ५. | महा सेनानी | ✂.............. |
| ६. | सहायक रथी | 🕮 हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम |
| ७. | उपरथी | — |

(४) बन्दोबस्ती कार्य समूहः

| क.सं. | बढुवा हुने पद | आवश्यक पर्ने तालिम |
|---|---|---|
| १. | प्युठ | बन्दोबस्ती सिपाही आधारभूत तालिम |
| २. | अमल्दार | — |
| ३. | हुद्दा | — |
| ४. | जमदार | पदिक वा विल्लादार प्रबन्ध तालिम |
| ५. | सुबेदार | — |
| ६. | प्रमुख सुवेदार | — |

---

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

🕮 पहिलो संशोधनद्वारा थप ।

| | | |
|---|---|---|
| ७. | उपसेनानी | — |
| ८. | सहसेनानी | प्राविधिक अधिकृत आधार तालिम |
| ९. | सेनानी | — |
| १०. | प्रमुख सेनानी | — |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-३

(नियम १७ को उपनियम (३) सँग सम्बन्धित)

<u>कबुलियतनामा</u>

............................ को सूचना वा पत्र बमोजिम ........................ पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेका कुनै पनि उम्मेदवार मेरो नजिकको नातेदार पर्दैन । बढुवा समितिको काम कारवाही गर्दा मैले प्रचलित कानूनको अधीनमा रही गर्नेछु भनी यो कबुलियतनामा गर्दछु ।

कबुलियत गर्नेको,–

नामः

दस्तखतः

पदः

मितिः

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय